# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, पुस २ गते २०४५ साल (अतिरिक्ताङ्क ५५ (ग)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी जनवादी गणतन्त्र चीनमा उत्पादित मालवस्तु उत्तरी सीमाक्षेत्रको बाटो गरी पैठारी हुँदा लाग्ने अतिरिक्त भन्सार महसूलमा ६० प्र.श. आंशिक छूट दिने र बिक्रीकर ऐन, २०२३ को दफा ८ क ले दिएको अधिकार प्रयोग गरी बिक्रीकर प्रयोजनको लागि उक्त वस्तुहरूको बिक्री मूल्य कायम गर्दा अतिरिक्त भन्सार महसूलमा भएको उक्त छूट कट्टा गरी बाँकी रहन आउने महसूल रकम जोडी मूल्य कायम गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

४६५

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।